तत्काल जारी गर्नकालागि

जुन १,२०२०

# एक ठूलो नागरिक समाज र विश्वव्यापी ट्रेड युनियन गठबन्धनले आप्रवासी कामदारहरुको लागि तत्काल न्याय संयन्त्रको लागि आह्वान गर्यो ।

जुन १,२०२० मा नागरिक समाज संगठनहरु र विश्वव्यापी ट्रेड युनियनहरुको ठूलो गठबन्धनले कोभिड–१९ महामारीको परिमाण स्वरुप स्वदेश फर्काईएका आप्रवासी कामदारहरुलाई तत्काल न्याय संयन्त्रको लागि आह्वान गर्यो ।

अर्न्तराष्ट्रिय श्रम संगठन (आईएलओ) ले गरेको अनुमान अनुसार महामारीको परिणाम स्वरुप विश्वव्यापी रुपमा करिब १९५ मिलिनियम रोजगार गुम्नेछ । मध्यपूर्व क्षेत्रमा मात्रै, अनुमानित ५० लाख रोजगारहरु गुम्ने (हराउने) छन्, यी मध्ये धेरै कामहरु आप्रवासी कामदारहरुले ओगटेका छन् । महामारीको शुरु भएदेखि २००,००० भन्दा बढी आप्रवासी कामदारहरु विश्वका विभिन्न भागबाट एसिया फर्काईएका छन् । यो संख्या आगामी केही महिनामा अधिक बृद्धि हुने अपेक्षा गरिएको छ । भारत, नेपाल, बंगलादेश र फिलिपिन्स् जस्ता देशहरुले उक्त अवधिमा ठूलो संख्यामा विदेशमा काम गर्ने आप्रवासी कामदारहरुको फिर्ताको आँकलन गरेका छन् ।

यथोचित नियन्त्रण बिना रोजगारदाताहरुले यस सामूहिक स्वदेश फिर्ताको कार्यक्रमको लाभ लिन सक्दछन् र कामदारहरुलाई उनिहरुले प्राप्त गर्न बाँकी रहेको क्षतिपुर्ति,ज्याला र सुविधाहरुको भुक्तानी बेगरै कामबाट निश्कासन तथा फर्काउन सक्दछन् । लाखौं कामदारहरु खालि हात फर्कनु पर्दा ऋणको भारमा पर्ने हुन्छ किनकि उनिहरु भर्ती र लागत शुल्क तिर्न वाध्य हुन्छन् ।

कम्पनीहरु र रोजगारदाताहरुबाट फर्काईएका आप्रवासी कामदारहरुको मानव अधिकार र श्रम अधिकारको संरक्षण हुने कुराको सुनिश्चितता नगरी र अनुगमन विना र प्रक्रियागत कुरालाई नजरअन्दाज गरी आप्रवासन

कोरीडोरमा रहेका राज्यहरुले कामदारहरुलाई फर्काउनाले लाखौं कामदारहरुले आर्जन गरेको ज्याला वा कार्यस्थलसँग सम्बन्धित गुनासो बिना सुनुवाई र न्यायको अनुभुति विना नै फिर्ता हुनु पर्ने स्थीति आउनेछ ।

माईग्रेन्ट फोरम ईन एसिया (एम.एफ.ए) का क्षेत्रिय संयोजक विलियम गोइस भन्नुहुन्छ,“असाधारण समय, असाधारण उपायहरुको लागि आह्वान गर्नुहोस्”,यदि यो अपराध बेवास्ता गरियो भने लाखौंको संख्यामा कामदारहरु पीडित हुनेछन् । हामी यसलाई महामारीले ल्याएको स्वभाविक क्षतिको रुपमा हेर्न सक्दैनौं ।

स्वदेश फर्काईएका सम्पूर्ण कामदारहरुको वैध दावी उपर न्यायमा पहुँच र कुनै न कुनै प्रकारको क्षतिपुर्ति प्राप्त गर्न सक्षम छन् भन्ने कुराको प्राथमिकता सुनिश्चित गर्नु पर्दछ । नागरिक संगठनहरु र ट्रेड युनियनहरुले संयुक्त रुपमा जारी गरको अपिलमा सरकारहरुलाई महामारीको परिणाम स्वरुप आफ्नो जागिर गुमाई स्वदेश फर्काईएका कामदारहरुको गुनासो, दाबी र श्रम विवादलाई सम्बोधन गर्नकोलागि तत्काल संक्रमणकालीन न्याय संयन्त्रको गठन गर्न आह्वान गर्दछ ।

कोभिड–१९ महामारी भन्दा पूर्व पनि धेरै आप्रवासी कामदारहरुले महिनौ तथा वर्षौसम्मको अनुचित वा बक्यौता पारिश्रमिक को रुपमा पारिश्रमिक चोरी (हिनामिना)को स्थीतिसँग मेलमिलाप गरेका छन् । यसलाई तिनीहरुले आफ्नो भाग्यको रुपमा स्वीकारेका छन् र रोजगार गुमाउने, स्थीति अझ नाजुक हुने तथा अवैधानिक बनाईने डरले गर्दा गुनासो गर्नबाट विमुख भई बसि रहेका छन् ।

गोइस भन्नुहुन्छ,“महामारीले हाम्रो ईच्छा, हाम्रो भावना र न्याय प्रतिको प्रतिबद्धतालाई दबाउनु हुँदैन”। यदि हामीलाई सशक्त रुपमा पुर्नउत्थान (विल्ड व्याक व्यटर) हुनु छ भने विगत लामो समय देखि आप्रवासन कोरिडरमा विध्यमान पारिश्रमिक चोरी (हिनामिना)को विषयलाई आँखा चिम्लेर सहे झैं निरन्तरता दिन सक्दैनौं र कोभिड–१९ महामारीका कारण स्वदेश फर्काईएका आप्रवासी कामदारहरुको मामलामा नजरअन्दाज हुनेछैन् ।

<u>थप जानकारीकालागि</u>

विलियम गोइस
क्षेत्रिय संयोजक

माईग्रेन्ट फोरम ईन एसिया (एम.एफ.ए)
mfa@mfasia.org
+६३ ९२०९६००९१६

रउला हमाटी
क्षेत्रिय संयोजक
क्रस रिजनल सेन्टर फर माईग्रेन्टस् एण्ड रिफिउजीस् (सि.सि.आर.एम)
rhamati@insanlb.org
+९७४ ५०५९०७७८

एलोन्जो सुजोन
क्षेत्रिय कार्यक्रम निर्देशक
सोलिडारिटी सेन्टर
asuson@solidaritycenter.org
+७४ ७७७८७०९८५

लक्ष्मण बस्नेत
महासचिव
साउथ एशिया ट्रेड युनियन काउन्सिल(सारटुक)
sartuc.kathmanduoffice@gmail.com
+९७७ ९८५१०२१८७८

हेनरी रोजास
संयोजक
लयर्स वियण्ड बोर्डर नेटवर्क (एल.बि.बि)
henryrojas888@yahoo.com
+६३ ९१७८२२४७१०